कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाडी, सिन्धुली
SINDHULIMADI, SINDHULI
बागमतीप्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

# रैथाने बाली प्रबर्द्धन कार्यक्रमको प्रस्ताव माग सम्बन्धी सुचना !

सुचना प्रकाशित मितिः २०७९/१२/१०

कमलामाई नगरपालिका, सिन्धुली को आ.ब. २०७९/८० का लागि स्विकृत संघिय ससर्त बार्षिक कृषि कार्यक्रम अनुसार रैथाने बालि प्रवर्द्धन कार्यक्रम रहेको र लागत साझेदारीमा तपशिलका कार्यक्रमहरु सञ्चालन गरिने भएको हुँदा यस कमलामाई नगरपालिका वडा नं. २ र ४ भित्रका रैथाने बालि (कोदो, फापर, चिनो, कागुनो, उवा, जौ, लट्टे आदी) खेती तथा बजारिकरणमा संलग्न तपशिलका कार्यक्रममा उल्येख गरेअनुसारका लाभग्राहिहरुले देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपुर्वक प्रस्ताव सहितको निवेदन यस कमलामाई नगरपालिका कृषि विकाश शाखा मा पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ। साथै रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

| क.स. | संचालन गरिने कार्यक्रमहरु | कार्यक्रम संचालन हुने क्षेत्र | प्रस्ताव पेश गर्न सक्ने लाभग्राही | कैफियत |
|---|---|---|---|---|
| १. | रैथाने बालीका उपजहरुको बिक्रिका लागि कोशेलिघर संचालन मा सहयोग (दराज/र्याक आदिमा ५०% अनुदानमा सहयोग) | कमलामाई नगरपालिका वडा नं. २ र ४ | रैथाने बालीको कोशेलिघर संचालक/ रैथाने बालिको विक्रि वितरण गर्ने ब्यवसायी | ५०% लागत साझेदारी |
| २. | ५०% अनुदानमा मेशिनरी उपकरणहरु वितरण (चुट्ने मेशिन, ओभन, मिक्चर, रेफ्रिजेनेटर, डिजिटल ब्यालेन्स आदी।) | कमलामाई नगरपालिका वडा नं. २ र ४ | कृषक, कृषि फार्म, कृषक समुह, कृषि सहकारी र रैथाने बालीको विक्री बितरण तथा बजारिकरण गर्ने रैथाने बालिको परिकार विक्री वितरण गर्ने ब्यवसायी, कोशेली घर पसल तथा होमस्टे | ५०% लागत साझेदारी |
| ३. | होमस्टे मार्फत रैथाने बाली एवं परिकार प्रबर्द्धन कार्यक्रम (रैथाने कृषि उपज तथा परिकार तयारी र विक्रि वितरणको लागि आवश्यक सामाग्री एवं प्रसोधन उपकरण खरिद सहयोग) | कमलामाई नगरपालिका वडा नं. २ र ४ | होमस्टे संचालक | ५०% लागत साझेदारी |
| ४. | गड्यौले मल उत्पादन कार्यक्रम | कमलामाई नगरपालिका वडा नं. २ र ४ | कृषक, कृषि फार्म, कृषक समुह, कृषि सहकारी | प्रति कार्यक्रम १० हजारका दरले ५ ओटा |

सुर्य प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
# OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADI, SINDHULI
बाग्मतीप्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

| | | | | |
|---|---|---|---|---|
| ५. | नमुना भकारो सुधार अभियान (प्रति क्लस्टर १० वटा गरी जम्मा २० वटा) | कमलामाई नगरपालिका वडा नं. २ र ४ | कृषक, कृषि फार्म, कृषक समुह, कृषि सहकारी | प्रति भकारो सुधार ७ हजारका दरले २० ओटा |
| ६. | ब्रान्डिङ्ग सहयोग (रैथाने बालीको उत्पादनको प्याकेजिङ्ग र ब्रान्डिङ्गमा प्रयोग हुने सामाग्रीमा सहयोग) | कमलामाई नगरपालिका वडा नं.२ र ४ | कृषक, कृषि फार्म, कृषक समुह, कृषि सहकारी र रैथाने बालीको विक्री वितरण तथा बजारिकरण गर्ने रैथाने बालिको परिकार विक्री वितरण गर्ने ब्यवसायी, कोशेली घर पसल तथा होमस्टे | ५०% लागत साझेदारी |
| ७. | रैथाने बालिको किट वितरण | कमलामाई नगरपालिका वडा नं.२ र ४ | कृषक, कृषि फार्म, कृषक समुह, कृषि सहकारी | पुर्ण अनुदान |
| ८. | माटोको उर्वराशक्ती सुधारको लागि पाखो बारीमा कोशेबालीको उन्नत बीउ किट वितरण | कमलामाई नगरपालिका वडा नं.२ र ४ | कृषक, कृषि फार्म, कृषक समुह, कृषि सहकारी | पुर्ण अनुदान |

आवश्यक कागजातहरु

१) माग निवेदन १ प्रती
२) कृषि सहकारी/कृषक समुह/होमस्टे को हकमा बैठक निर्णयको प्रतिलिपी १ प्रती
३) सम्बन्धित वडा कार्यालयको सिफारिस १ प्रती
४) संस्था दर्ता र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि १ प्रती
५) नागरिकताको प्रतिलिपी १ प्रती

अन्तिम दिनमा सार्वजनिक बिदा परेमा त्यस दिनको भोलिपल्ट कार्यालय समयभित्र निवेदन दर्ता हुनुपर्नेछ। अन्य कुरा प्रचलित कानुन बमोजिम हुने छ। कार्यक्रम संचालन गर्दा प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधी २०७९ अनुसार संचालन गरिनेछ।

नोट : कार्यक्रम सम्वन्धित विस्तृत जानकारीका लागि यस कमलामाई नगरपालिका कृषि विकाश शाखामा सम्पर्क राख्न सकिनेछ वा टोल फ्री नंम्बर १६६०४७५२२३४ मार्फत समेत सम्पर्क गर्न सकिनेछ।

बोधार्थ,

श्री सुचना प्रविधि शाखा, यो सुचना कमलामाई नगरपालिकाको वडा नं. २ र ४ कार्यालयमा पठाई वेब साईटमा समेत राखिदिनु हुन।

सुर्य प्रसाद दाहाल
प्रमुख प्रशासकिय अधिकृत

सुर्य प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत



फोन नं : ९७७-४७-५२०५९६, ५२०५१२, ५२०२४०, ५२०२५१, , ५२०२४५, ५२०६०८ E-mail: kamalamaimun.sindhuli@gmail.com.
Phone No. : 977-47-520596. 520512. 520240, 520251, 520245, 520608 Web Site : kamalamaimun.gov.np

CamScanner